# महोत्तरी जिल्ला अदालत

जलेश्वर

## सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७७।०८।२२)

महोत्तरी जिल्ला अदालतको ईजलाश निर्माण कार्य गर्न नियमानुसार ईजाजत प्रास ईच्छुक फर्म/कम्पनी तथा संस्थावाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरुः

१. ईच्छुक फर्म, कम्पनी, सप्लायर्सले अध्यावधिक नवीकरण गरिएको ईजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, मू.अ.क.दर्ता प्रमाणपत्रको प्रतिलिपी, आर्थिक वर्ष ०७६।०७७ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपीहरु (आयकर चुक्ता नभएको खण्डमा म्याद थपको स्वीकृति पत्र) सहितको निवेदन पेश गरी नगद रु.१,०००।– (अक्षेरुपी एक हजार मात्र) फिर्ता नहुने गरी दरभाउपत्र दस्तुर तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र सिलवन्दी दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछ।

२. खरिद गरेको फारमहरुमा उल्लेख भएका सबै विवरण भरी सिलबन्दी दरभाउपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी सिलबन्दी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोप्राईटरको नाम, मोवाईल नं., ईमेल आई.डी. समेत स्पष्ट खुलाई फर्मको आधिकारीक छाप लगाई सिलबन्दी लाहाछाप गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२:०० बजे भित्र यस अदालतमा दर्ता गराउनु पर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन।

४. सिलबन्दी दरभाउपत्र जमानत वापत तपसिलमा तोकिए बमोजिमको कम्तिमा ७५ दिनको म्याद भएको बैंकवाट जारी भएको बैंक जमानत पत्र वा यस अदालतको नाममा जारी भएको विडवण्ड वा कोष तथा लेखा नियन्त्रक कार्यालय महोत्तरीको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय जलेश्वरमा रहेको धरौटी खाता नं.१२७०१००१०२०३०००० कार्यालय कोड नं. २०४९७१८०१ (महोत्तरी जिल्ला अदालत) मा जम्मा गरेको सक्कलै भौचर दरभाउपत्रका साथ अनिवार्य पेश गर्नु पर्नेछ।

५. दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको ठिक १४:०० अदालतका प्रतिनिधीहरु तथा सिलबन्दी दरभाउपत्रदाता वा निजका आधिकारीक प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ।सिलबन्दी दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै वाधा पर्ने छैन।

६. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै भोलीपल्ट वा अदालत खुलेको पहिलो दिन सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ।

७. शर्त बमोजिमको रीत नपुगी वा म्याद नाघेको वा कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरु मान्य हुने छैन।

८. दरभाउपत्रमा आईटमवाईज दर अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ।अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा सिलबन्दी दरभाउपत्रदाताको सही छाप अनिवार्य हुनु पर्नेछ।

९. कुनै कारण जनाई दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ।

१०. सिलबन्दी दरभाउपत्रदाताले सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ।

११. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

१२. निर्माण कार्यमा प्रयोग हुने मालसामानको गुणस्तर स्वीकृत स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ।

१३. सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत भएको दरभाउपत्रदाताले उक्त कार्य सम्पन्न गरे पश्चात प्राविधिकवाट चेक जाँच तथा रुजु गरी आवश्यक बिल भरपाई पेश भए पश्चात मात्र भुक्तानी प्रक्रिया अगाडी वढाईनेछ।

१४. यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा थप कुरा बुझ्नु परेमा यस अदालतमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

| सि.नं. | दरभाउपत्र नं. | विवरण | ल.ई.रकम रु.भ्याट सहित (कन्टेन्जेन्सी वाहेक) | धरौटी |
|---|---|---|---|---|
| १ | सि.द.भा.१/०७७-०७८ | महोत्तरी जिल्ला अदालतको ईजलाश निर्माण लगायतको कार्य | १९,६४,२५६।०० | ४९,०००।- |